(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)

कम्पनी ऐन २०६३ अन्तर्गत संस्थापित

**बेष्ट इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड**

**को**

**प्रबन्धपत्र**

१. **कम्पनीको नामः** यस कम्पनीको नाम **बेष्ट इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड** हुनेछ । अंग्रेजीमा **Best Engineering Construction And Suppliers Private Limited** हुनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालयः** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १० मा रहने छ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृतिः** कम्पनीले गर्ने व्यवसाय वा कारोवार व्यापारमूलक तथा सेवामूलक हुनेछ ।

४. **कम्पनीको उद्देश्यः**

(१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछः–

क) सिभिल इन्जीनियरीङ्ग कार्य अन्तर्गत विभिन्न निर्माण सामाग्रीवाट साधारण वा विशेष किसिमका निर्माण जस्तै आवास, कार्यालय, गोदाम,भवन, सडक, पुल, विमानस्थल, ढल, सिँचाई नहर, विद्युत घर, खानेपानी, खेलकुद स्थल वा विशेष प्रकारको व्यापारिक भवन वनाउने वा त्यस्ता भवनमा रुप परिर्वतन हुने गरी केही भाग थप्ने वा परिवर्तन गर्ने, निर्माण स्थलमा स्थायी एवं अस्थायी प्रकृतिका भवन कटेरा वनाउने, भवनको रुप नै परिवर्तन हुने गरी गरिने मर्मत सम्भारको कार्य गर्ने।

ख) सरकारी अर्धसरकारी निजी रुपमा समय समयमा दिइने बिभिन्न तालिमहरुको लागि कम्पनीको तर्फवाट सेवाको लागि वोलपत्र पेश गर्ने र सोही वमोजिमको आवश्यक कार्य गर्ने।

ग) निर्माण एवं सिभिल इन्जीनियरिङ्गसंग संवन्धित मेशीन सामाग्री उपकरणहरु जस्तै क्रेन, लरी, डोजर इत्यादि चालक विना ठेक्का वा भाडामा दिने।

घ) सरकारी, अर्धसरकारी, आवास, बैंक, संघ संस्था, प्राइभेट कार्यालय तथा भवनको Interior Designing र फिनिसीङ्गका क्रियाकलापहरु जस्तै शीशा फीटीङ्ग गर्ने, प्लास्टरको कार्य गर्ने, रंग रोगन एवं सजावटको कार्य गर्ने, भुई एवं भीत्तामा टायल लगाउने, कारपेट फीट गर्ने, भित्ते कागज विच्छाउने, सीकर्मीको कार्य गर्ने, भवनको वाहिरी भाग सफाई कार्य वा मर्मत गर्ने ।

ङ) कम्पनीले आफैले जग्गा खरिद गरि लिजमा लिई आधुनिक सुविधा सम्पन्न कमर्सियल कम्प्लेक्स, अपार्टमेन्ट स्टोरहरू, व्यापारिक केन्द्र, आधुनिक सूचना प्रविधि केन्द्रहरु निर्माण गरि निर्मित भवनहरुको कोठाहरु तथा भवननै उचित शुल्क लिई विभिन्न कम्पनी, फर्म, संस्था, तथा व्यवसायहरुलाई भाडा तथा लिज मा उपलब्ध गराउने वा बिक्रि वितरण गर्ने ।

च) उपयुक्त उद्यस्य संग सम्बन्धित व्यवसायिक कम्पनी वा लिज/भाडामा दिन चाहेका व्यक्ति वा संघसंस्थाहरुसंग सहभागी भएर वा एकल रुपमा जग्गा विकास गर्ने, भवन निर्माण गर्ने ।

छ) अन्य कम्पनी, फर्महरुले निर्माण गरेका, बिक्रि गर्न चाहेका घर, भवन, घरका फ्ल्याट जग्गा तथा घडेरीहरु कम्पनीले खरिद बिक्रिको कार्य गर्ने तथा पुन लिज/भाडामा दिन सक्ने कार्य गर्ने।

ज) देशमा जलबिधुत शक्तिको बिकास गर्ने स्वदेशी वा बिदेशी संघ, संस्था तथा निजि उद्यमी एबम लगानी कर्ताहरुलाई एक आपसमा आबद्द गरी बिधुत शक्ति उत्पादन सम्बन्धि परामर्शको कार्य गर्ने तथा सो सम्बधि निर्माणको कार्य समेत गर्ने ।

झ) बाटोघाटो, सडक, पूल, रोपवे, रेल्वे, ट्रलीबस, टनेल, फ्लाइङ ब्रिज, विमानस्थल, पार्क, उधान, ढल, नहर,भवन, बिधुत, संचार, सिचाई, उर्जा, बिभिन्न प्रकारका सार्वजनिक निर्माण कार्यहरु तथा अन्य विभिन्न प्रकारका कार्यहरुको प्रारम्भिक सम्भाव्यता अध्ययन (Pre-Feasibility Study), सम्भाव्यता अध्ययन(Feasibility Study), परामर्श, पूर्ण अध्ययन (Detailed Study), सर्भे(Survey) बिस्तृत इन्जीनियरीङ्ग डिजाइन (Design), लागत इस्टीमेट (Estimation) , Detailed Project Report, सुपरभिजन सम्बधि कार्यहरु गर्ने गराउने।

ञ) भवन निर्माण गर्नु अगाडी आवस्यक जांच जस्तै माटो परिक्षण तथा स्ट्रक्चर एनालाइसीस जस्ता सम्पूर्ण कामहरु गर्ने र गराउने ।

ट) आयोजना व्यवस्थापन (Project Management) सम्बन्धि कार्य गर्ने ।

ठ) विभिन्न किसिमका आयोजना तर्जुमा (Project Planning), Proposal And Report Writing सम्बन्धि कामहरु गर्ने । योजनाहरुको व्यवस्थापन तथा आर्थिक अध्यन गर्ने ।

ड) ब्यापारिक भवन सडक, अपार्टमेन्ट , कम्प्लेक्स , टाउन प्लान्निग , सरकारी , गैर सरकारी भवन ,विमानस्थल , पार्क , उधान , नहर, हस्पिटल , सिनेमा हल, विधालय, आवासीय भवन लगायत का सम्पूर्ण निर्माण को लागि नक्सा बनाउने तथा सो को कन्स्ट्रक्सन सम्बन्धि सम्पूर्ण कार्य गर्ने गराउने।

ढ) बाटोघाटो,घर जग्गा समेतको नाप जांच सम्बन्धि कार्य गर्ने। घर जग्गा सम्बन्धि मूल्यांकन (Valuation) को कार्य गर्ने।

ण) इन्जीनियरीङ्ग सम्बन्धि सामानहरु जस्तै सर्भे उपकरणहरु, प्रयोगशाला उपकरणहरु र अन्य बिशेष प्रकृतिका इन्जीनियरीङ्ग मेसीनहरु र सुरक्षण उपकरणहरु सप्लाई गर्ने।

त) ढुंगा, गिट्टी, इट्टा, बालुवा, माटो, सिमेन्ट, फाइबर, स्टील, अलमुनियम लगायत कन्स्ट्रक्सन सम्बन्धि सम्पूर्ण सामग्री को बिक्रि वितरण को कार्य गर्ने गराउने।

थ) कम्पनीले इलेक्ट्रिकल, मेशिनरी सामग्री, कन्स्ट्रक्सनमा प्रयोग हुने सामान खरिद तथा बिक्रि गर्नुका साथै माथि उल्लेखित सामानको आयात निर्यातको कार्य समेत गर्ने गराउने।

द) कुनै पनि संघ, संस्था, सरकारी तथा अर्ध सरकारी निकाय बाट निर्माण गर्ने कार्य सम्बन्धमा आव्हान भएका टेण्डर प्रक्रियामा भाग लिई सो सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउने ।

ध) इन्जीनियर तथा निर्माण व्यवसायमा संलग्न सिकर्मी, डकर्मी, निर्माण कर्मी, अन्य निर्माण व्यवसायीहरुको ब्यक्तित्व बिकासको लागि अत्यावश्यक सिक्षा व्यवस्थापन, समय व्यवस्थापन, नेत्रित्व व्यवस्थापन, आर्थिक व्यवस्थापन लगायतका बिषयमा तालिम संचालन गर्ने।

न) Scrap समानहरु टेण्डर, खरिद तथा बिक्री वितरण गर्ने गराउने।

प) अफिसमा चाहिने सम्पूर्ण समानहरु खरिद तथा बिक्री वितरण गर्ने गराउने।

फ) विविध प्रकारको ठेक्का पट्टा गर्ने।

ब) HVAC wiring, hitension line, substation, pole, tower, cable, networking को कार्य गर्ने गराउने। तथा मर्मत संभार गर्ने र सप्लाई गर्ने । हाइड्रोपावरको विभिन्न संचानाहरु, निर्माण, आवश्यक सामाग्री, मेसिनरी वस्तुहरु सप्लाई गर्ने।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय

भ) मठमन्दिर निर्माण, रंग रोगन, मर्मत सम्भार लगायत सम्पूर्ण काम गर्ने।

म) सप्लाई सम्बन्धि सम्पूर्ण सामानहरु जस्तै इलेक्ट्रिकल हार्डवेयर सेनेटरी आदि सप्लाईका टेन्डरमा भाग लिने।

य) निर्माण सम्बन्धि सम्पूर्ण सामानहरुको आयात निर्यात गर्ने ।

र) सवारी साधनहरु जस्तै डोजर, टिप्पर, Excavator, Bull Dozer, Backhoe, Crane जस्ता कन्स्ट्रक्सनमा प्रयोग हुने सवै प्रकारका गाडीहरु भाडामा लिने तथा दिने कार्य गर्ने ।

ल) EIA (Environmental Impact Assessment), IEE (Initial Environmental Examination), Bio Engineering, Piling, Water proofing work and chemical supply, pest control, Water Test, WTP (Water Treatment Plant), STP (Sewerage Treatment Plant) लगायत सम्बन्धि कार्यहरु गर्ने गराउने ।

व) Geographical Information System (GIS), Remote Sensing (RS), Global Positioning System (GPS), Geo Informations सम्बन्धि सेवा प्रदान गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

५. <u>कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:</u> यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नछ:

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने सक्नेछ ।

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने छ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने सक्नेछ ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

(च) अन्य आवश्यक कुराहरु:

१. कम्पनीले आवश्यक घर, गोदाम, तथा अन्य चल अचल सम्पत्ती आदि लिज वा भोग बन्धकीमा लिने, निर्माण गर्ने, मर्मत– संभार गर्न सक्नेछ ।

२. कम्पनीको नाममा नेपाल राज्यको कुनै पनि बैक तथा वित्तिय संस्थाहरुमा खाता खोली रकम जम्मा गर्ने, झिक्ने, विल अफ एक्सचेन्ज भूक्तानि लिने दिने, एल. सि. खोल्ने, मन्जुर गर्ने तथा त्यस्तै प्रकारका अन्य आवश्यक बैंकिङ कामहरु गर्ने ।

३. कम्पनीको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सुविधा, सहुलियत प्राप्त गर्न नेपाल सरकारको कार्यालयहरु सँग अनुरोध गर्ने, कम्पनीको व्यापरिक हित संरक्षणको लागि डिजाइन र ट्रेडमार्क दर्ता गराउने, यसको हक र सुविधालाई सुरक्षित राख्ने ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय